जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक राष्ट्रिय दैनिक

Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ ❋ अंक : ४२ ❋ २०८३ साल जेष्ठ १४ गते, बिहीबार ❋ Thursday, May.– 28 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## सीमावर्ती तस्करी सञ्जाल विस्तार हुँदै, कुडवा-लंगडा चोक हुँदै रौतहटसम्म "रुट" सक्रिय

***संवाहक सम्वादाता**-१३जेष्ठ, कलैया*

नेपाल-भारत सीमावर्ती क्षेत्रमा अवैध तस्करी नियन्त्रणका लागि सरकारी संयन्त्र प्रभावकारी हुन नसकेको भन्दै स्थानीय स्तरमा गम्भीर प्रश्न उठ्न थालेका छन्। तस्करी सञ्जाल केवल सीमासम्म सीमित नभई जिल्लाभित्रका विभिन्न रुट र भण्डारण प्रणालीसम्म विस्तार भएको आरोप स्थानीय स्रोतहरूले लगाएका छन्।

स्रोतका अनुसार बारा जिल्लाको कुडवा हुँदै लंगडा चोक, चिउटाहा, हरनहिया मार्ग प्रयोग गरी रौतहटको मौलापुरसम्म तस्करीको संगठित रुट सक्रिय रहेको देखिएको छ। त्यस्तै बाराको गंजभवानीपुर, कलैया, कोल्हबी तथा उत्तरी क्षेत्रमा समेत अवैध सामान भण्डारण गर्ने गोदामहरू सञ्चालनमा रहेको दाबी गरिएको छ।



स्थानीयवासीका अनुसार सीमावर्ती नाकाबाट भित्र्याइएका कपडा, किराना सामग्री, चकलेट, फर्सी बीउ, काजु-किसमिस लगायतका सामानहरू रातको समयमा विभिन्न स्थानमा भण्डारण गरी पछि जिल्लाभित्र र अन्य जिल्लासम्म वितरण गर्ने गरिएको छ।

त्यस्तै, कवही गोठ, मटिअर्वा, छतवा, मुसहरवा र विश्रामपुर क्षेत्रका नाकाहरू प्रयोग गरी समेत व्यापक तस्करी हुने गरेको स्थानीयको भनाइ छ। मोटरसाइकल तथा चारपाङ्ग्रे सवारी साधनमार्फत रातको समयमा सामान ओसारपसार हुने गरेको दाबी गरिएको छ।

यसैबीच, सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण संयन्त्र कमजोर भएको र 'सेटिङ' तथा 'नजराना' प्रणालीका कारण गतिविधि थप जटिल बन्दै गएको आरोपसमेत उठेको छ। नाम नखुलाउने शर्तमा एक स्थानीय स्रोतका अनुसार तस्करीको परिमाणअनुसार रकम बुझाउने अनौपचारिक सहमति रहे

बाँकी तेस्रो पृष्ठमा

## इस्लाम धर्मावलम्बीहरूको महान पर्व बकर ईद देशभर धुमधामका साथ मनाइँदै

***संवाहक सम्वादाता**-१३जेष्ठ, कलैया*

इस्लाम धर्मावलम्बीहरूको महान पर्व बकर ईद (ईद-उल-अजहा) आज तराई-मधेशसहित देशभर धार्मिक श्रद्धा, उत्साह र आपसी सद्भावका साथ धुमधामले मनाइँदै छ।

यस अवसरमा मुस्लिम समुदायका श्रद्धालुहरूले बिहानै मस्जिदहरूमा विशेष नमाज अदा गरी अल्लाहप्रति कृतज्ञता व्यक्त गरेका छन्। नमाजपछि आपसी भेटघाट, शुभकामना आदान-प्रदान तथा सामाजिक सद्भाव अभिवृद्धि गर्ने कार्यक्रमहरू सम्पन्न भएका छन्।

बकर ईदलाई इस्लाम धर्ममा त्याग, समर्पण र ईश्वरप्रतिको अटुट आस्थाको प्रतीक पर्वका रूपमा लिइन्छ। धार्मिक मान्यताअनुसार पैगम्बर इब्राहिम (अब्राहम) को ईश्वरप्रतिको निष्ठा र बलिदानको स्मरणमा पशु कुर्बानी गर्ने परम्परा रहिआएको छ।



बाराको भिस्वा, पशुरामपुर, मुसहर्ना, बकुलहर, कलैया तथा रौतहटका खाप, घिउरा लगायतका स्थानहरूमा मुस्लिम समुदायको उल्लेख्य सहभागितामा सामूहिक नमाज अदा गरी पर्वको सुरुवात गरिएको छ। त्यसपछि कुर्बानी लगायतका धार्मिक अनुष्ठानहरू सम्पन्न गरिएको छ।

पछिल्लो समय युवा पुस्तामा बकर ईदप्रति धार्मिक आस्था मात्र नभई सामाजिक एकता र सांस्कृतिक पहिचानसँग जोडिने चेतना बढ्दै गएको देखिन्छ। सामाजिक सञ्जालमार्फत शुभकामना आदान-प्रदान गर्ने, सामूहिक कार्यक्रममा सक्रिय सहभागिता जनाउने तथा परम्परागत अभ्यासलाई आधुनिक शैलीमा निरन्तरता दिने प्रवृत्ति बढेको स्थानीयवासी बताउँछन्।

देशका विभिन्न जिल्लामा पनि मुस्लिम समुदायले शान्तिपूर्ण रूपमा पर्व मनाइरहेका छन्। स्थानीय प्रशासनले पर्वलाई व्यवस्थित र सुरक्षित बनाउन

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्ज यातायात कार्यालयमा "सरुवा संस्कृति" र स्थायित्व विवाद

***संवाहक सम्वादाता**-१३जेष्ठ, कलैया*

सरकारी सेवामा पारदर्शिता र जवाफदेहिता बढाउने उद्देश्यले सरुवा प्रणालीलाई नियमित बनाउने नीति रहे पनि वीरगञ्जस्थित यातायात व्यवस्था कार्यालयमा भने केही कर्मचारी लामो समयदेखि एउटै कार्यस्थलमा रहँदा बहस सुरु भएको छ। विशेषगरी ट्रायल प्रमुख रामसुन्दर महतो वर्षौंदेखि सोही कार्यालयमा कार्यरत रहेको विषयले प्रशासनिक अभ्यास र सरुवा व्यवस्थापनको प्रभावकारितामाथि प्रश्न उठाएको छ।प्रशासनिक जानकारहरूका अनुसार एउटै कर्मचारी लामो समय एउटै कार्यालयमा रहँदा संस्थागत निरन्तरता त बलियो हुन्छ, तर नियन्त्रण र निगरानी कमजोर हुँदा अनियमितताको




जोखिम पनि बढ्ने सम्भावना रहन्छ। यही कारण 'नियमित सरुवा'लाई सुशासनको आधार मानिन्छ।स्थानीय तहमा भने लामो समयदेखि एउटै व्यक्तिको उपस्थिति रहँदा सेवा प्रवाहमा प्रभाव, पहुँचको प्रभाव र प्रक्रियागत निष्पक्षतामाथि प्रश्न उठ्ने गरेको छ।

यातायात कार्यालयसँग जोडिएको ट्रायल परीक्षा, लाइसेन्स प्रक्रिया र सेवाग्राहीको भीड व्यवस्थापन जस्ता संवेदनशील क्षेत्रमा पारदर्शिता अझै चुनौतीपूर्ण रहेको

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्ज महानगर मेयर सिंह अदालतमा हाजिर

***संवाहक सम्वादाता**-१३जेष्ठ, कलैया*

नागरिकता सम्बन्धी लिखत किर्ते गरेको अभियोगमा राजेशमान सिंह बुधबार पर्सा जिल्ला अदालत मा स्वयं उपस्थित भएका छन्।

अदालतले जेठ ८ गते पक्राउ पुर्जी जारी गरेपछि वीरगञ्ज महानगरपालिकाका प्रमुख सिंह बुधबार बिहान कार्यालय समय सुरु हुनासाथ अदालत पुगेका हुन्।

अदालत परिसरमा सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उनले सञ्चारमाध्यममार्फत आफ्नो मुद्दामा म्याद जारी भएको जानकारी पाएपछि न्यायिक प्रक्रियामा सहयोग गर्न स्वेच्छाले उपस्थित भएको बताए।

"कानुनी प्रक्रियामा सहयोग गर्न म आफैँ अदालतमा उपस्थित भएको हुँ," उनले भने।




यद्यपि अदालतमा अत्यधिक मुद्दाको चाप रहेका कारण बुधबार उनको मुद्दामा सुनुवाइ हुन नसकेको जनाइएको छ। अदालत स्रोतका अनुसार दर्ता भएका मुद्दा तथा तोकिएका पेशीको सङ्ख्या धेरै भएकाले सुनुवाइ स्थगित गरिएको हो। सुनुवाइ हुन नसकेपछि मेयर सिंह अदालतबाट फर्किएका छन्।

उनका स्वकीय सचिव सत्यराज घिमिरे ले पनि मुद्दाको अत्यधिक चापका कारण सुनुवाइ हुन नसकेको पुष्टि गरेका छन्।

अदालत स्रोतका अनुसार अब अर्को मिति तोकिएपछि उक्त मुद्दाको सुनुवाइ प्रक्रिया अघि बढाइनेछ।

## लागूऔषध गाँजा सहित एक जना पक्राउ

***संवाहक सम्वादाता**-१३जेष्ठ, कलैया*

जिल्ला प्रहरी कार्यालय बारा अन्तर्गत अस्थायी प्रहरी पोष्ट डुमरवानाबाट खटिएको प्रहरी टोलीले लागूऔषध गाँजा सहित एक जनालाई नियन्त्रणमा लिएको छ।

प्रहरीका अनुसार गोप्य सूचनाको आधारमा प्र.स.नि. दिपेन्द्र साहको कमान्डमा खटिएको टोलीले जीतपुरसिमरा उपमहानगरपालिका-१४ खयरघारी बस्ने बिक्रम स्याङतानको घरमा खानतलासी गरेको थियो।

खानतलासीका क्रममा उक्त घरको सुत्ने कोठामा बोरामा लुकाईछिपाई राखिएको अवस्थामा करिब ४.४०० किलो ग्राम लागूऔषध गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ।



उक्त घटनासँग सम्बन्धित व्यक्तिहरूलाई नियन्त्रणमा लिई बारा जिल्ला अदालतबाट ७ दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

पक्राउ पर्नेः

बिक्रम स्याङतानकी श्रीमती, ४८ वर्षीया मित्रा देवी स्याङतान

प्रहरीका अनुसार थप अनुसन्धान कार्य जारी रहेको छ।

## ईद-उल-अजहा (बकर ईद) को हार्दिक शुभकामना

पवित्र बकर ईद (ईद-उल-अजहा) को पावन अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्बी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक ईद मुबारक व्यक्त गर्दछु।

त्याग, समर्पण, आस्था र एकताको प्रतीक यस महान पर्वले समाजमा आपसी सद्भाव, भाइचारा, सहिष्णुता र शान्ति अझ मजबुत बनाउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु। पैगम्बर इब्राहिम (अब्राहम) को ईश्वरप्रतिको अटुट आस्था र बलिदानको स्मरणमा मनाइने यस पर्वले मानवता र सामाजिक एकताको सन्देश फैलाओस् भन्ने विश्वास लिएको छु।

यस पावन अवसरमा सम्पूर्ण मुस्लिम समुदायमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।



पन्नालाल दास
प्रकाशक/सम्पादक, संवाहक राष्ट्रिय दैनिक
(उपाध्यक्ष, नेपाल पत्रकार महासंघ बारा)

ईद मुबारक !

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# सामाजिक बजार अर्थतन्त्र



> सामाजिक बजार अर्थतन्त्रले 'बजार सबै समस्या समाधान गर्छ' भन्ने नवउदारवादी मान्यतालाई स्वीकार गर्दैन । बजारले दक्षता दिन सक्छ तर न्याय दिन सक्दैन । बजारले सम्पत्ति सिर्जना गर्न सक्छ तर त्यसको न्यायपूर्ण वितरण सुनिश्चित गर्न सक्दैन । राज्यको सक्रिय भूमिका अपरिहार्य हुन्छ ।



डा. गणेशप्रसाद खनाल

नेपालको आर्थिक बहसमा पछिल्ला केही वर्षदेखि एउटा प्रश्न निरन्तर उठिरहेको छ, नेपालको आर्थिक ढाँचा के हो ? संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ तर व्यवहारमा अर्थतन्त्र खुला बजारतर्फ उन्मुख देखिन्छ । सरकारले निजी क्षेत्रलाई लगानीका लागि आह्वान गरिरहेका छन् । विदेशी लगानी भित्र्याउन नीति बनाइरहेका छन् तर सँगै सामाजिक सुरक्षा, लोककल्याणकारी राज्य, समावेशी विकास र सामाजिक न्यायको प्रतिबद्धता पनि दोहोर्‍याइरहेका छन् । यही वैचारिक र नीतिगत अन्योलबिच अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदमा सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा जवाफ दिँदै गर्नुभएको अभिव्यक्ति अहिले विशेष अर्थपूर्ण बनेको छ । उहाँले भन्नुभयो, "हामी न त बजारलाई मात्र सर्वोपरि ठान्ने नवउदारवादी हौँ, न त राज्यले सबै कुरा नियन्त्रण गर्ने शास्त्रीय कम्युनिस्ट नै हौँ । हामी कम्युनिस्टको आवरणमा फस्टाउने 'क्रोनी क्यापिटलिज्म' को पनि विरोधी हौँ । हाम्रो बाटो लोककल्याणकारी राज्यको जगमा उभिएको उद्यममैत्री, लगानी अनुकूल र प्रतिस्पर्धी 'सामाजिक बजार अर्थतन्त्र हो ।" यो अभिव्यक्ति केवल तत्कालीन राजनीतिक टिप्पणीमा सीमित छैन; यसले नेपालको आर्थिक नीतिमा सम्भावित नयाँ दिशा, वैचारिक पुनर्संरचना र विकासको नयाँ बहसको सङ्केत गर्छ । सरकारको वाचापत्रको बुँदा नम्बर २२ मा 'सामाजिक न्यायसहितको उदार अर्थतन्त्र' को अवधारणा समेटिनु तथा अर्थमन्त्रीद्वारा 'सामाजिक बजार अर्थतन्त्र' लाई सरकारको आर्थिक ढाँचाका रूपमा प्रस्तुत गरिनुले नेपालको आर्थिक विमर्श अब नयाँ चरणमा प्रवेश गरेको छ । अब बहसको केन्द्र केवल 'राज्य कि बजार' भन्ने परम्परागत द्वन्द्वमा सीमित छैन; बरु 'राज्य र बजारबीच सन्तुलित, उत्तरदायी र न्यायपूर्ण सम्बन्ध कसरी निर्माण गर्ने' भन्ने मूल प्रश्नतर्फ उन्मुख भएको छ ।

### सामाजिक बजार अर्थतन्त्रको अवधारणा

सामाजिक बजार अर्थतन्त्र मूलतः यस्तो आर्थिक अवधारणा हो, जसले बजार अर्थतन्त्रको दक्षता र सामाजिक न्यायको मूल्यलाई एकसाथ जोड्ने प्रयास गर्छ । बजार स्रोतसाधन वितरणको सबैभन्दा प्रभावकारी माध्यम हो तर बजार आफैँले सामाजिक न्याय, अवसरको समानता र मानवीय कल्याण सुनिश्चित गर्न सक्दैन । राज्यले बजारलाई नष्ट गर्ने होइन, बजारलाई व्यवस्थित, नियमन र सामाजिक उत्तरदायित्वयुक्त बनाउने भूमिका खेल्नु पर्छ ।

यस अवधारणाको ऐतिहासिक विकास हेर्दा दोस्रो विश्वयुद्धपछि पश्चिम जर्मनीले 'सामाजिक बजार अर्थतन्त्र' को मोडेललाई संस्थागत रूप दिएको पाइन्छ । त्यहाँ निजी उद्यम, खुला प्रतिस्पर्धा र बजार स्वतन्त्रतालाई स्वीकार गरियो तर सँगै श्रमिक अधिकार, सामाजिक सुरक्षा, सार्वजनिक स्वास्थ्य, पेन्सन र कल्याणकारी राज्यलाई पनि मजबुत बनाइयो । परिणामस्वरूप जर्मनीले तीव्र औद्योगिक विकाससँगै सामाजिक स्थायित्व पनि हासिल गर्न सफल भयो । अस्ट्रिया, नेदरल्यान्ड्स र स्विट्जरल्यान्डले पनि केही हदसम्म यस्तै आर्थिक व्यवस्था अपनाएका छन् । स्क्यान्डिनेभियन मुलुक स्विडेन, नर्वे, डेनमार्क र फिनल्यान्डले खुला बजारसँगै उच्च सामाजिक सुरक्षा, निःशुल्क शिक्षा, स्वास्थ्य तथा कल्याणकारी राज्यको अभ्यास गरेका छन्, जसलाई 'नर्डिक मोडेल' भनिन्छ ।

चीनले यस अवधारणालाई अर्को रूपले विकास गर्‍यो । चीनको 'समाजवादी बजार अर्थतन्त्र' ले समाजवाद र बजार अर्थतन्त्रलाई परस्परविरोधी नभई पूरक तत्वका रूपमा व्याख्या गर्‍यो । चिनियाँ राजनीतिक अर्थशास्त्री हु जेका अनुसार समाजवादी बजार अर्थतन्त्रको सार भनेको बजारको दक्षतालाई साझा समृद्धि र सामाजिक विकासको सेवामा प्रयोग गर्नु हो । चीनले बजार संयन्त्रलाई स्वीकार गर्दै निजी क्षेत्रलाई विस्तार गर्‍यो, विदेशी लगानी भित्र्यायो । राज्यको रणनीतिक भूमिका, सार्वजनिक स्वामित्व र दीर्घकालीन विकास योजनालाई कायम राख्यो । यही मोडेलले चीनलाई विश्वकै तीव्र आर्थिक रूपान्तरणतर्फ अघि बढायो ।

### नेपाल किन नयाँ आर्थिक मोडेल खोज्दै छ ?

नेपालको आर्थिक इतिहास हेर्दा देश लामो समयदेखि दुई चरम आर्थिक सोचबिच अलमलिएको छ । एकातिर राज्य नियन्त्रणमुखी सोचले निजी क्षेत्रलाई सन्देहका दृष्टिले हेर्‍यो, अर्कातिर १९९० पछिको उदारीकरणले बजारलाई अत्यधिक प्राथमिकता दियो । यी दुवै मोडेलले दिगो आर्थिक समाधान दिन सकेनन् । उदारीकरणपछि सेवा र व्यापार क्षेत्र विस्तार भए पनि उत्पादनमूलक उद्योग, कृषि र निर्यात कमजोर रहे । परिणामतः अर्थतन्त्र आयात, उपभोग र रेमिट्यान्समा निर्भर बन्दै गयो भने उत्पादन र उद्यमशीलताभन्दा दलाली र आयात व्यापार बढी लाभदायक बन्न पुग्यो ।

नेपालमा खुला बजार आयो तर प्रतिस्पर्धी बजार आएन । बजार सीमित समूहको नियन्त्रणमा गयो । दलाल पुँजीपति वर्गको राम्रै विकास भयो तर राष्ट्रिय पुँजीपतिको विकास राज्यले गर्न सकेन । यही कारण अहिले 'क्रोनी क्यापिटलिज्म' अर्थात् पहुँच र राजनीतिक संरक्षणमा आधारित पुँजीवादको आलोचना बढिरहेको छ । केही व्यापारिक समूहले राज्य नीति, बैङ्किङ पहुँच, ठेक्का प्रणाली र आयात बजारमाथि असामान्य प्रभाव जमाएको आरोप व्यापक छ । यस्तो अवस्थामा अर्थमन्त्रीले हामी 'क्रोनी क्यापिटलिस्ट' होइनौँ भन्नु केवल भाषण होइन, अहिलेको आर्थिक संरचनाप्रतिको आलोचना पनि हो । अर्कातर्फ, राज्य पनि प्रभावकारी बन्न सकेन । शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, कृषि पूर्वाधार, औद्योगिक क्षेत्र, अनुसन्धान र सामाजिक सुरक्षामा राज्यको लगानी कमजोर रह्यो । फलतः नागरिकले बजारबाट महँगो सेवा किन्ने र राज्यबाट कमजोर सेवा पाउने दोहोरो समस्या भोग्नु पर्‍यो । यही पृष्ठभूमिमा 'सामाजिक बजार अर्थतन्त्र' को बहस सान्दर्भिक बनेको हो ।

### सामाजिक बजार अर्थतन्त्र

नेपालमा सामाजिक बजार अर्थतन्त्रको अर्थ राज्यले सबै उद्योग चलाउने वा निजी क्षेत्रलाई विस्थापित गर्ने होइन । यसको अर्थ यस्तो आर्थिक संरचना निर्माण गर्नु हो, जहाँ निजी क्षेत्र उत्पादन, नवप्रवर्तन, रोजगारी र लगानीको प्रमुख चालक बनोस् । राज्यले सामाजिक न्याय, अवसरको समानता र सार्वजनिक हित सुनिश्चित गरोस् । सायद अर्थमन्त्रीको सार पनि त्यही होला । सन् १९९० पछि उदारवाद र निजीकरणका नाममा नेपालका उद्योगहरू निजीकरण वा बन्द गरियो । अहिले केही संस्थानलाई तुलनात्मक लाभलाई तथ्यगत मूल्याङ्कन गरी पुनः ब्युँताउने गरी सरकार अगाडि बढेको देख्न सकिन्छ । यस मोडेलमा बजारलाई प्रोत्साहन दिइन्छ तर बजार नियन्त्रणविहीन छाडिँदैन । निजी क्षेत्रलाई सम्मान गरिन्छ तर राज्य नीतिको कब्जा गर्न दिइँदैन । विदेशी लगानी भित्र्याइन्छ तर राष्ट्रिय उत्पादन क्षमता र श्रम बजारलाई कमजोर बनाइँदैन । नेपालमा जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, सूचना प्रविधि, हरित ऊर्जा र साना तथा मझौला उद्योगमा निजी क्षेत्रको ठूलो भूमिका हुन सक्छ । राज्यले पूर्वाधार, ऊर्जा पहुँच, शिक्षा, सिप विकास, अनुसन्धान, कानुनी स्थिरता र सामाजिक सुरक्षाको जिम्मेवारी लिनु पर्छ । सामाजिक बजार अर्थतन्त्रले 'बजार सबै समस्या समाधान गर्छ' भन्ने नवउदारवादी मान्यतालाई स्वीकार गर्दैन । बजारले दक्षता दिन सक्छ तर न्याय दिन सक्दैन । बजारले सम्पत्ति सिर्जना गर्न सक्छ तर त्यसको न्यायपूर्ण वितरण सुनिश्चित गर्न सक्दैन । राज्यको सक्रिय भूमिका अपरिहार्य हुन्छ ।

### सरकार र बजारबिचको नयाँ सम्बन्ध

नेपालमा लामो समयदेखि राज्य र निजी क्षेत्रबिच अविश्वासको सम्बन्ध रहँदै आएको छ । निजी क्षेत्रले राज्यलाई झन्झटिलो, करमुखी र अनिश्चित मान्छ; राज्यले निजी क्षेत्रलाई कर छल्ने, नाफामुखी र सामाजिक उत्तरदायित्वविहीन देख्छ । सामाजिक बजार अर्थतन्त्रले यही सम्बन्धलाई नयाँ आधारमा पुनर्संरचना गर्न खोज्छ । यस मोडेलमा सरकारको भूमिका व्यवसाय चलाउने होइन, व्यवसाय गर्न सक्ने वातावरण बनाउने हो । सरकारको जिम्मेवारी कानुनी शासन, निष्पक्ष प्रतिस्पर्धा, पूर्वाधार निर्माण, शिक्षा तथा स्वास्थ्यमा लगानी, श्रमिक अधिकारको संरक्षण र सामाजिक सुरक्षा सुनिश्चित गर्नु हो । बजारको भूमिका उत्पादन, नवप्रवर्तन, लगानी र रोजगारी सिर्जना गर्नु हो । सरकार र निजी क्षेत्रबिच स्वस्थ साझेदारी बन्न सकेन भने न बजार प्रभावकारी हुन्छ न त राज्य । नेपालमा अहिले सबैभन्दा ठूलो समस्या नीतिगत अस्थिरता हो । उद्योगी व्यवसायीलाई दीर्घकालीन नीति भरोसा छैन । सरकार फेरिँदा नीति फेरिन्छ । कर प्रणाली अनिश्चित छ । प्रशासनिक प्रक्रियामा भ्रष्टाचार छ । सामाजिक बजार अर्थतन्त्र सफल हुन सबैभन्दा पहिले यही संरचनागत समस्याको समाधान आवश्यक हुन्छ ।

### लोककल्याणकारी राज्य


अर्थमन्त्रीले 'लोककल्याणकारी राज्य' को कुरा गर्नुभएको सन्दर्भ महत्वपूर्ण छ । सामाजिक बजार अर्थतन्त्रको केन्द्रमा नै सामाजिक न्याय हुन्छ । यसको उद्देश्य केवल कुल गार्हस्थ उत्पादन वृद्धि होइन; नागरिकको जीवनस्तर सुधार, अवसरको समानता र गरिमामय जीवन सुनिश्चित गर्नु हो । नेपालमा शिक्षा र स्वास्थ्य अझै सर्वसाधारण वर्गका लागि महँगो र पहुँचबाहिर छ । ग्रामीण क्षेत्र र सहरबिच अवसरको ठूलो खाडल छ । युवामा बेरोजगारी उच्च छ । महिला, दलित, जनजाति र दुर्गम क्षेत्रका समुदाय अझै आर्थिक रूपमा पछाडि छन् । आर्थिक वृद्धिको लाभ सीमित वर्गमा मात्र केन्द्रित भयो भने त्यो विकास दिगो हुन सक्दैन । सामाजिक बजार अर्थतन्त्रले राज्यलाई कर प्रणाली, सामाजिक सुरक्षा, सार्वजनिक सेवा र समावेशी नीतिमार्फत असमानता घटाउने भूमिका दिन्छ ।

यसको अर्थ सबैलाई समान बनाउने होइन; अवसरमा समानता सुनिश्चित गर्ने हो । राज्यले गुणस्तरीय सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा, वृद्ध भत्ता, सामाजिक सुरक्षा, बेरोजगारी सहायता र न्यूनतम जीवनस्तर सुनिश्चित गर्नु पर्छ । नेपालमा अहिले सामाजिक सुरक्षाको दायरा बढेको छ तर यसको वित्तीय स्थायित्व र प्रभावकारिता अझै चुनौतीपूर्ण छ । सामाजिक बजार अर्थतन्त्रले सामाजिक सुरक्षालाई दान होइन, नागरिक अधिकारका रूपमा हेर्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## कजाकिस्तानको उत्तर-पूर्वी क्षेत्रमा विमान दुर्घटना हुँदा एक जनाको मृत्यु

***अल्माटी, जेठ १३ गते।***
कजाकिस्तानको उत्तर-पूर्वी पाभ्लोडार क्षेत्रमा पर्ने झेलेजिन्का गाउँ नजिक बुधबार हवाई कृषि-रसायन छर्कने कार्यमा प्रयोग भइरहेको एक विमान नियमित उडानको क्रममा दुर्घटनाग्रस्त भएको छ । प्रारम्भिक जानकारीअनुसार, उक्त विमान दुई जना चालक दलका सदस्यसहित उडिरहेको अवस्थामा अचानक विद्युत् प्रसारण लाइनमा ठोक्किएपछि ठूलो दुर्घटना भएको हो। ठोक्किना साथ विमानमा क्षति पुगेको र नियन्त्रण गुमेपछि विमान जमिनमा खसेको बताइएको छ। घटनास्थलमै एक जना चालक दलका सदस्यको ज्यान गएको छ



भने अर्को सदस्य गम्भीर घाइते भएका छन्। स्थानीय आपतकालीन उद्धार टोली तत्काल घटना स्थलमा पुगेर घाइतेलाई उद्धार गरी नजिकैको अस्पतालमा उपचारका लागि पठाएको छ।
दुर्घटनापछि उद्धार तथा सुरक्षा टोली परिचालन गरिएको थियो। अधिकारीहरूले प्रारम्भिकरूपमा विद्युत् लाइनसँग ठोक्किनु नै दुर्घटनाको मुख्य कारण भएको अनुमान गरे पनि वास्तविक कारण, उडानको अवस्था, मौसमीय स्थिति तथा प्राविधिक पक्षबारे विस्तृत अनुसन्धान जारी रहेको बताएका छन्।

## वीरगञ्ज यातायात ...

गुनासो पनि सेवाग्राहीहरूको छ।
विश्लेषकहरूका अनुसार यो विषय केवल व्यक्तिगत कर्मचारीको होइन, बरु सरुवा नीति कार्यान्वयन, संस्थागत निगरानी र सेवा प्रवाह प्रणालीको समग्र परीक्षणसँग जोडिएको देखिन्छ। चाहनुहुन्छ भने म यसलाई झन् खोजमूलक रिपोर्ट (investigative style) वा सिधा आरोप-प्रत्यारोप शैलीको ब्रेकिङ न्यूज पनि बनाइदिन सक्छु।

## पुर्व ...

आयोगले सुरक्षा निकायका सुझाव र चेतावनीहरू समयमै सम्बोधन नभएको र निर्णय प्रक्रियामा ढिलाइ हुँदा अवस्था नियन्त्रणबाहिर गएको निष्कर्ष पनि निकालेको छ।
त्यस्तै, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरुङलाई समेत कानुनी संशोधनमार्फत कारबाहीको दायरामा ल्याउन सरकारलाई सिफारिस गरिएको छ।
विश्लेषकहरूका अनुसार आयोगको यो प्रतिवेदनले घटना केवल सुरक्षा कमजोरी मात्र नभई नीति-निर्णय तहसम्मको जिम्मेवारीको प्रश्न उठाएको छ।

## आचारसंहिता...

सरकार र कानुनविरुद्ध भ्रामक सामग्री सम्प्रेषण गरेको विषयमा समेत ध्यानाकर्षण भएको जनाइएको छ।
काउन्सिलले सत्य, तथ्य, निष्पक्षता र सन्तुलन पत्रकारिताको मूल आधार भएकाले कुनै पनि सामग्री प्रकाशन वा प्रसारणअघि त्यसको तथ्यगत परीक्षण गर्न अनिवार्य रहेको स्पष्ट पारेको छ।
साथै प्रकाशित वा प्रसारित सामग्रीप्रति असहमति भए कानुनी प्रक्रियाअनुसार काउन्सिलमा उजुरी दिन सकिने व्यवस्था रहेको उल्लेख गर्दै समाचार लेखेकै आधारमा पत्रकार वा सञ्चारमाध्यममाथि गालीगलौज, धम्की, धरपकड वा दुर्व्यवहार नगर्न सबै पक्षलाई आग्रह गरिएको छ।
काउन्सिलका सहप्रशासकीय अधिकृत तथा सूचना अधिकारी जमशरण बोहराले प्रेस स्वतन्त्रताको सम्मान गर्दै जिम्मेवार, मर्यादित र विश्वसनीय पत्रकारिता अभ्यास गर्न सम्पूर्ण सञ्चारकर्मीलाई अनुरोध गर्नुभएको छ।

## इस्लाम...

आवश्यक सुरक्षा व्यवस्था मिलाएको जनाएको छ।
यस अवसरमा विभिन्न राजनीतिक दलका नेता तथा जनप्रतिनिधिहरूले मुस्लिम समुदायलाई शुभकामना व्यक्त गरेका छन्। नेकपा एमालेका केन्द्रीय नेता पुरुषोत्तम पौडेलले बकर ईदको अवसरमा शुभकामना व्यक्त गर्दै यो पर्वले समाजमा भाइचारा, शान्ति र आपसी सद्भाव अझ मजबुत बनोस् भन्ने कामना गरेका छन्।
त्यस्तै, मधेश प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद समिर, नेपाली कांग्रेसका नेता फर्मुल्लाह मंसुर, नेकपा एमालेका नेता एम. समिउल्लाह, कलैया उपमहानगरपालिकाकी उपमेयर रौशन प्रविण तथा युवा नेता परवेज आलमले पनि मुस्लिम समुदायप्रति शुभकामना व्यक्त गरेका छन्।

## सरकारद्वारा...

डलर पुग्नेछ।
प्रदेशगत विश्लेषणमा बागमती प्रदेश र गण्डकी प्रदेश को आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि रहने अनुमान गरिएको छ भने अन्य प्रदेश अपेक्षाकृत सुस्त रहने देखिएको छ।
फागुनसम्म संघीय राजस्व ३.२ प्रतिशतले वृद्धि भएको छ भने सरकारी खर्च १०.४ प्रतिशतले बढेको छ। तर पुँजीगत खर्चमा अपेक्षित सुधार नदेखिएको सर्वेक्षणले औंल्याएको छ।
त्यसैगरी व्यापार घाटा बढेर १० खर्ब ९८ अर्ब रुपैयाँ पुगेको छ। यद्यपि विप्रेषण आप्रवाह ३७.७ प्रतिशतले बढेर १४ खर्ब ५० अर्ब रुपैयाँ पुगेको छ, जसले बाह्य क्षेत्रलाई बलियो बनाएको छ।
विदेशी विनिमय सञ्चिति ३४ खर्ब १४ अर्ब रुपैयाँ पुगेको छ, जुन १८.५ महिनासम्मको आयात धान्न पर्याप्त रहेको सरकारको दाबी छ। शोधनान्तर स्थिति ६ खर्ब ५८ अर्ब रुपैयाँ बचतमा रहेको छ।
अर्थमन्त्री वाग्लेले बैंकिङ क्षेत्रमा पर्याप्त तरलता भए पनि निजी क्षेत्रमा कर्जा प्रवाह अपेक्षाअनुसार बढ्न नसकेको बताउँदै न्यून आर्थिक वृद्धि, कमजोर पुँजीगत खर्च, बढ्दो व्यापार घाटा र जलवायु जोखिमलाई अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा औंल्याउनुभयो।
सरकारले आगामी बजेट तथा नीतिमार्फत यी चुनौती सम्बोधन गर्दै आर्थिक उपलब्धिलाई संस्थागत बनाउने प्रतिबद्धता जनाएको छ।

## भारतमा चरम गर्मीको चेतावनी

***नयाँदिल्ली, जेठ १३ गते।***
भारतमा बढ्दो चरम गर्मी र त्यसबाट उत्पन्न जोखिमप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार कडा चेतावनी जारी गर्नुभएको छ। विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको देशमा तापक्रम असामान्यरूपमा बढिरहेका बेला उहाँले नागरिकलाई सावधानी अपनाउन आग्रह गर्नुभएको हो।



यसैबिच, जङ्गलमा लागेको आगो नियन्त्रण गर्न सेनाले लामो समयसम्म सङ्घर्ष गरिरहेको छ भने गर्मीका कारण मृत्युका घटनासमेत रिपोर्ट भएका छन्। अन्तर्राष्ट्रिय वायु गुणस्तर अनुगमन प्लेटफर्म एक्युआईका अनुसार बुधबार दिउँसो विश्वका ४५ सबैभन्दा तातो सहरमध्ये अधिकांश भारतमै रहेका थिए, जहाँ तापक्रम ४३ डिग्री सेल्सियसभन्दा माथि पुगेको थियो। यस्तो अवस्थाले देशका धेरै भागमा जनजीवन प्रभावित बनेको छ।

प्रधानमन्त्री मोदीले आफ्नो कार्यालयमार्फत जारी गरेको सन्देशमा भारतका विभिन्न क्षेत्रमा तापक्रम निरन्तर बढिरहेको र यसले नयाँ चुनौती सिर्जना गरिरहेको उल्लेख गर्नुभयो। उहाँले गर्मीको असरलाई हल्का रूपमा नलिन आग्रह गर्दै सबै नागरिकलाई आवश्यक सावधानी अपनाउन अपिल गर्नुभयो।
उहाँले अत्यधिक गर्मीले शरीरमा पानीको कमी (डिहाइड्रेसन) ल्याउने, रगत गाढा बनाउने तथा गम्भीर अवस्थामा अङ्ग फेल हुने जोखिम हुने बताउनुभयो। चेतावनीको सङ्केतलाई बेवास्ता गर्दा अवस्था अझ खतरनाक बन्न सक्ने र 'हिट स्ट्रोक' को सम्भावना बढ्ने उहाँको भनाइ छ। यसैबिच, गत साता मात्रै दक्षिणी राज्य तेलङ्गानामा गर्मीका कारण कम्तीमा १६ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ।

गर्मीबाट बालबालिका, वृद्ध तथा बाहिर काम गर्ने श्रमिक सबैभन्दा बढी जोखिममा रहेको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो। भारत मौसम विज्ञान विभाग (आइएमडी)का अनुसार उत्तर प्रदेशको बान्दा सहरमा मङ्गलबार ४७.४ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको छ। यो सामान्यभन्दा ३.८ डिग्री बढी हो। यस महिनाको सुरुमै सोही क्षेत्रमा तापक्रम ४८.२ डिग्री सेल्सियससम्म पुगेको थियो। राजधानी नयाँदिल्लीमा बुधबार दिउँसो तापक्रम ४० डिग्री सेल्सियस मापन गरिएको छ। विज्ञका अनुसार गर्मी बढ्दै जाँदा वन डढेलोको जोखिम पनि उच्च बन्दै गएको छ। यसै सन्दर्भमा भारतीय सेनाले हिमालयन क्षेत्रको पहाडी सहर कसौली नजिक लागेको डढेलो नियन्त्रण गर्न १६ घण्टाभन्दा बढी समयसम्म प्रयास गरेको जनाएको छ। सेनाका अनुसार वायु सेनाका हेलिकोप्टरले ठूलो मात्रामा पानी खसालेर आगो नियन्त्रणमा निर्णायक भूमिका खेलेका छन्, यद्यपि आगो निभाउने कार्य अझै जारी छ।

## सीमावर्ती...

पनि पछिल्लो समय त्यसमा विवाद देखिन थालेको छ।
स्रोतले बताएअनुसार पहिले एकै दरमा 'सेटिङ' रकम बुझाउने अभ्यास भए पनि हाल विभिन्न समूहबीच असन्तुष्टि र आपसी किचलो बढेको छ।
त्यस्तै, सिम्रौनगढ क्षेत्रमा कपडा तथा किराना सामानको अवैध कारोबार सक्रिय रहेको र त्यहाँ भोला साह तथा भारतीय नागरिक अबिन्द साह संलग्न रहेको आरोप स्थानीय स्रोतले लगाएका छन्। उनीहरू मार्फत चकलेट, फर्सी बीउ, काजु-किसमिस लगायतका सामानको अवैध ओसारपसार हुने गरेको दाबी गरिएको छ।
स्थानीयवासीका अनुसार रातको समयमा सीमावर्ती क्षेत्र र ग्रामीण सडकहरूमा अनियन्त्रित आवतजावत बढेपछि सर्वसाधारणलाई असुविधा भएको छ। यसले स्थानीय बजार, राजस्व संकलन र वैध व्यापार प्रणालीमा प्रत्यक्ष असर पारेको उनीहरूको भनाइ छ।
यसबीच, सुरक्षा निकायले सीमामा नियमित गस्ती र निगरानी भइरहेको दाबी गर्दै आएको भए पनि तस्करी नियन्त्रणमा अपेक्षित परिणाम नदेखिएको भन्दै स्थानीय स्तरमा आलोचना बढिरहेको छ।
विश्लेषकहरूका अनुसार तस्करी सञ्जाल सीमासम्म मात्र नभई स्थानीय भण्डारण, वितरण तथा नेटवर्किङसम्म फैलिनु सुरक्षा र प्रशासनिक संयन्त्रका लागि थप चुनौतीको रूपमा देखिएको छ।




तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु


- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# मानवअधिकारद्धारा रास्वपाका दर्जनभन्दा बढी नेतामाथि अनुसन्धान सिफारिस

***काठमाडौं, जेठ १३ –***
राष्ट्रिय मानवअधिकार आयोग ले जेन-जी आन्दोलनसँग सम्बन्धित घटनामा संलग्नताको आशंकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का दर्जनभन्दा बढी नेतामाथि थप अनुसन्धान गरी आवश्यक कारबाही गर्न सिफारिस गरेको छ।
आयोगले बुधबार सार्वजनिक गरेको अनुसन्धान प्रतिवेदनमा भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा सार्वजनिक शान्ति तथा सुव्यवस्थामा असर पुगेको विषयलाई लिएर विभिन्न व्यक्तिको भूमिकामाथि सूक्ष्म अनुसन्धान आवश्यक रहेको उल्लेख गरेको हो।
अनुसन्धानका लागि सिफारिस गरिएकामध्ये गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, कृष्ण कार्की, डा. तोषिमा कार्की, राजिव खत्री, केपी खनाल, दीपक बोहरा, मनिष झा र ज्वाला संग्रौलासहित अन्य व्यक्तिहरू रहेका छन्।
आयोगका अनुसार सामाजिक सञ्जालमा दिएका अभिव्यक्ति,




प्रकाशित समाचार सामग्री तथा विभिन्न निकायबाट संकलित सूचनाका आधारमा उनीहरूको अभिव्यक्तिले प्रदर्शनकारीलाई उक्साउने वा दुरुत्साहन गर्ने भूमिका खेले/नखेलेको विषयमा निष्पक्ष अनुसन्धान हुनुपर्ने देखिएको छ।
प्रतिवेदनमा भनिएको छ, ती व्यक्तिहरूको अभिव्यक्तिबाट प्रदर्शन हिंसात्मक बन्न सहयोग पुगेको वा सार्वजनिक शान्ति भंग गर्ने अवस्था सिर्जना भएको भए कानुनी प्रक्रियाअनुसार कारबाही गरिनुपर्नेछ। साथै अनुसन्धानका क्रममा सम्बन्धित व्यक्तिको स्वच्छ सुनुवाइको हक सुनिश्चित गर्न पनि आयोगले जोड दिएको छ।
यसैबीच आयोगले पूर्वपदाधिकारी, सामाजिक अभियन्ता तथा अन्य सार्वजनिक व्यक्तिमाथि समेत थप अनुसन्धान गर्न सिफारिस गरेको जनाएको छ। आयोगले घटनामा भएको मानवीय तथा भौतिक क्षतिको यथार्थ मूल्यांकन गरी दोषी पहिचान गरेर कानुनी दायरामा ल्याउन सरकारलाई आग्रह गरेको छ।

# आइजिपीलाई कारवाही गर्न मानव अधिकार आयोगको सिफारिस

***१३ जेठ, काठमाडौं ।***
राष्ट्रिय मानव अधिकार आयोगले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका वर्तमान र पूर्व प्रमुखहरूलाई मानव अधिकार उल्लङ्घनको आरोपमा विभागीय कारबाही गर्न सिफारिस गरेको छ।
आयोगले नेपाल प्रहरीका आईजीपी दानबहादुर कार्की र सशस्त्र प्रहरी बलका आईजीपी नारायणदत्त पौडेललाई भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा भएको घटनासँग सम्बन्धित मानव अधिकार उल्लङ्घनको कसुरमा कारबाही गर्न सिफारिस गरेको हो।
आयोगका अनुसार दुवै अधिकारी उक्त समयमा एआईजी पदमा





रहेका थिए भने हाल उनीहरू आईजीपी पदमा छन्।
त्यस्तै, आयोगले तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरी बलका प्रमुख राजु अर्याल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापालाई समेत विभागीय कारबाही गर्न सिफारिस गरेको जनाएको छ।
मानव अधिकार आयोगले घटनाको विस्तृत छानबिनका आधारमा जिम्मेवार पदाधिकारीहरूमाथि आवश्यक कारबाही अघि बढाउन सरकारलाई आग्रह गरेको छ।

# स्वास्थ्य बीमा बोर्ड भुक्तानी प्रणाली फेरबदलको तयारीमा

***१३ जेठ, काठमाडौं –***
बढ्दो वित्तीय संकटका बीच स्वास्थ्य बीमा बोर्ड ले हालको भुक्तानी प्रणाली परिवर्तन गर्ने तयारी थालेको छ।
हाल बोर्डले प्रत्येक परीक्षण, उपचार तथा सेवाअनुसार छुट्टाछुट्टै भुक्तानी गर्ने 'फी-फर-सर्भिस' मोडल लागू गर्दै आएको छ। तर खर्च बढ्दै जाँदा यो प्रणाली दीर्घकालीन रूपमा प्रभावकारी नरहेको निष्कर्षसहित बोर्ड नयाँ प्रणालीतर्फ उन्मुख भएको हो।
बोर्डका सूचना अधिकारी विकेश मल्लका अनुसार अब 'डीआरजी' (डायग्नोसिस रिलेटेड ग्रुप) अर्थात् प्याकेज प्रणाली लागू गर्ने तयारी भइरहेको छ। यस प्रणालीअन्तर्गत रोगअनुसार निश्चित रकम तोकिनेछ र सोही आधारमा अस्पताललाई भुक्तानी




गरिनेछ। उदाहरणका लागि, निमोनियाको उपचारका लागि पहिले जति परीक्षण वा सेवा दिए पनि अस्पतालले रोगअनुसार तय गरिएको निश्चित प्याकेज रकम मात्रै प्राप्त गर्नेछ।
बोर्डका अधिकारीहरूका अनुसार नयाँ प्रणाली पूर्ण रूपमा लागू गर्न केही समय लाग्ने भएकाले संक्रमणकालीन व्यवस्थापनका रूपमा निजी अस्पतालको ओपीडी सेवा सीमित गर्ने निर्णय गरिएको हो। बोर्डले यस कदमले खर्च नियन्त्रण, भुक्तानी प्रक्रियामा पारदर्शिता तथा स्वास्थ्य बीमा कार्यक्रमलाई दीर्घकालीन रूपमा दिगो बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छ।

# पुर्व प्रधामन्त्री केपी ओलो सहितलाई आयोगको प्रतिवेदनले बढायो राजनीतिक तरंग

***१३ जेठ, काठमान्डौ ।***
राष्ट्रिय मानव अधिकार आयोगले भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा भएको हिंसा र मृत्यु घटनाबारे सार्वजनिक गरेको प्रतिवेदनपछि राजनीतिक वृत्तमा नयाँ तरंग देखिएको छ।
आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको भूमिकामाथि पनि टिप्पणी गर्दै राज्य सञ्चालनको उच्च जिम्मेवारीमा रहेकालाई केवल प्रत्यक्ष आदेशको अभावको आधारमा जिम्मेवारीबाट अलग गर्न नसकिने निष्कर्ष निकालेको छ।
प्रतिवेदनअनुसार आन्दोलनका



क्रममा सुरक्षाकर्मीको गोली लागी १९ जनाको मृत्यु भएको र त्यसपछि उपचारका क्रममा थप २३ जनाको ज्यान गएको उल्लेख छ। सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धपछि उत्पन्न असन्तुष्टिले आन्दोलन हिंसात्मक बनेको आयोगको ठहर छ।

बाँकी तेस्रो पृष्ठमा

# आचारसंहिता उल्लंघनका बढ्दो प्रवृत्तिप्रति प्रेस काउन्सिलको गम्भीर ध्यानाकर्षण

***१३ जेठ, काठमाडौं –***
प्रेस काउन्सिल नेपाल ले पत्रकार आचारसंहिता प्रतिकूल गतिविधि बढ्दै गएको भन्दै सञ्चारमाध्यम, पत्रकार तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई पेसागत मर्यादा र आचारसंहिता पालना गर्न आग्रह गरेको छ।
काउन्सिलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा पछिल्लो समय प्राप्त उजुरी तथा स्वअनुगमनका क्रममा पत्रकारिता क्षेत्रभित्र विभिन्न गैरव्यावसायिक र आचारसंहिता विपरीतका गतिविधि बढ्दो क्रममा देखिएको जनाएको छ।
काउन्सिलका अनुसार केही अनलाइन सञ्चारमाध्यम दर्ता गरेर समाचार सामग्री सम्प्रेषण नगरी सामाजिक सञ्जालमार्फत भ्यु बढाउने र आम्दानीमुखी भएर अपुष्ट तथा भ्रामक सामग्री प्रसारण गर्ने प्रवृत्ति बढेको छ।




त्यस्तै अनुमति बिना अस्पताल, विद्यालय तथा सरकारी कार्यालयमा प्रवेश गरी अमर्यादित व्यवहार गर्ने, बालबालिकासँग अभिभावक वा सम्बन्धित पक्षको अनुमति बिना अन्तर्वार्ता लिने, तथ्यहीन आरोपसहित सामग्री सम्प्रेषण गर्ने तथा पत्रकारलाई लक्षित गरी सामाजिक सञ्जालमार्फत गालीगलौज र धम्की दिने कार्यप्रति पनि काउन्सिलले आपत्ति जनाएको छ।
काउन्सिलले सरकारी कार्यालयमा क्यामेरा लिएर पुग्ने, अनधिकृत रूपमा भिडियो खिच्ने, कर्मचारीमाथि दबाब सिर्जना गर्ने तथा विभिन्न बहानामा बिल छाड्ने जस्ता गतिविधिलाई पनि गम्भीर आचारसंहिता उल्लंघनका रूपमा उल्लेख गरेको छ।
विज्ञप्तिमा सीमावर्ती जिल्लामा अनुमति बिना विदेशी सञ्चारमाध्यम वा पत्रकारले गतिविधि सञ्चालन गरी नेपाल

बाँकी तेस्रो पृष्ठमा

# सरकारद्धारा प्रतिकूल विश्व परिवेशबीच नेपालको अर्थतन्त्र ३.८५ प्रतिशतले बढने प्रक्षेपण

***१३ जेठ, काठमाडौं –***
सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धि दर ३ दशमलव ८५ प्रतिशत रहने प्रक्षेपण गरेको छ। अन्तर्राष्ट्रिय आर्थिक अनिश्चितता, व्यापारिक अवरोध तथा मध्यपूर्वमा जारी तनावका बाबजुद अर्थतन्त्र सकारात्मक दिशातर्फ अघि बढेको सरकारको दाबी छ।
प्रतिनिधिसभाको बुधबारको बैठकमा आर्थिक सर्वेक्षण प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले मुलुकको अर्थतन्त्र विस्तारोन्मुख अवस्थामा रहेको जानकारी



दिनुभयो।
सर्वेक्षणअनुसार चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्रको आकार ६६ खर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ भने प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ५ सय ३५ अमेरिकी

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।